# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ६३ | काठमाडौं | बुधवार, ११ असार २०८२ | Prabhab National Daily | Wednesday, June 25, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-


भिजिट भिसा प्रकरण

## वैरागी नेतृत्वको छानबिन समिति रास्वपा र राप्रपालाई अस्वीकार्य

■ जेबी योञ्जन

**काठमाडौं–** भिजिट भिसा प्रकरणको छानबिन गर्न गठित उच्चस्तरीय समिति संयोजक शंकरदास बैरागीलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले अस्वीकार गरेका छन् । दुवै उच्चस्तरीय छानबिन समिति गठन माग गर्ने दल हुन् ।

यी दुई दलले वैरागी नेतृत्वको समितिले गृहमन्त्री रमेश लेखकको शंकास्पद भूमिका देखिएको भिजिट भिसा प्रकरणको निष्पक्ष छानबिन गर्न नसक्ने दाबी गरेका छन् । वैरागी प्रधानमन्त्री केपी शर्मा ओलीनिकट, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका दाहिना र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका प्रिय पात्र मानिन्छन् । यी तीन नेताको विश्वासीला कर्मचारी भएकै कारण उनी परराष्ट्र सचिवहुँदै मुख्यसचिवदेखि राष्ट्रिय सुरक्षा सल्लाहकार भएका थिए । दशकसम्म सत्ताको भरपर्दा पात्र बनेका उनै वैरागी नेतृत्वमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले छानबिन समिति गठन गऱ्यो । छानबिन समितिलाई रास्वपा र राप्रपाले विश्वास गर्न नसकिने भनेका हुन् ।

मंगलबारको प्रतिनिधिसभा बैठकमा रास्वपा उपसभापति डा. स्वर्णिम वाग्लेले वैरागी नेतृत्वमा छानबिन समिति गठन गरिएकोप्रति आपत्ति जनाए । वाग्लेले बैठकमा भने, 'उहाँ (वैरागी)ले एक-दुई दिनमा अवकाश हुन लागेका सचिव डा. बैकुण्ठ अर्याल मुख्यसचिव बनाउन बाटो खोलिदिनुभयो । त्यो अवधिमा टेलिकम माफियाद्वारा रचिएको अर्बौं घोटाला भएका छन् । उहाँ अहिलेका नेताहरूको गुड बुकमा रहनुपर्ने स्वार्थको द्वन्द्वबाट जेलिएका पात्र हुनुहुन्छ ।'


शंकरदास बैरागी

> उहाँ (वैरागी) अहिलेका नेताहरूको 'गुड बुक'मा रहनुपर्ने स्वार्थको द्वन्द्वबाट जेलिएका पात्र हुनुहुन्छ ।
>
> ■ **डा. स्वर्णिम वाग्ले**, सांसद, रास्वपा

> भिजिट भिसा प्रकरणमा संलग्न भएका १४ जना गृहमन्त्रीहरूलाई कसरी उन्मुक्ति दिने भनेर ल्याएको नयाँ प्रोपोगाण्डा हो ।
>
> ■ **ज्ञानेन्द्र शाही**, प्रमुख सचेतक, राप्रपा

> समिति गठन गर्ने निर्णय सरकारले लियो । अब समितिलाई काम गर्न दिऔं । विश्वास गरौं ।
>
> ■ **महेश बर्तौला**, प्रमुख सचेतक, नेकपा एमाले

वाग्लेले वैरागीको नेतृत्वमा छानबिन समिति गठन भएकोप्रति कटाक्ष गर्दै भिजिट भिसा प्रकरणमा अनुसन्धानको दायरामा रहेका सहसचिव तीर्थराज भट्टराईकै नेतृत्वमा समिति गठन गर्दा पनि फरक नपर्ने बताए । उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको भिजिट भिसा प्रकरणलाई लुट, संगठित अपराध, सम्पत्ति शुद्धीकरण र मानव तस्करीको संज्ञा दिए । यति गम्भीर प्रकरणको छानबिन पूर्वमुख्यसचिव रहेका वैरागीबाट हुनै नसक्ने उनको जिकिर छ । वाग्लेले थपे, 'गृहमन्त्रीले मेरै प्रस्तावमा छानबिन समिति बनाएको भन्नुभयो । के अरोपितले नै अब छानबिन समिति बनाउने हो ?'

बहालवाला न्यायाधीशको संयोजकत्वमा छानबिन समिति गठन गर्नुपर्ने पक्षमा रास्वपा छ । यो दलले संसदमा लगातार अवरोध गर्दै आएको छ । मंगलबार बजेट पारित गर्न बसेको संसद् बैठक पनि रास्वपाले बहिष्कार गऱ्यो । राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले पनि छानबिन समिति नेताहरूको निगाहमा बनेको भन्दै त्यसलाई स्वीकार गर्न नसकिने बताए । भिजिट भिसा प्रकरणमा आफूहरूको आन्दोलन जारी नै रहने उनले बताए ।

मंगलबारको संसद् बैठकमा उनले भने, 'यो निगाहाप्राप्त गरेको, एकैछिनको अभ्र अपराधको ढाकछोप गर्ने, भिजिट भिसा प्रकरणमा संलग्न भएका १४ जना गृहमन्त्रीहरूलाई कसरी उन्मुक्ति दिने भनेर ल्याएको नयाँ प्रोपोगाण्डा हो ।'

क्रमशः पृष्ठ २ मा

स्थानीय तह बजेट

# काठमाडौं र धरानसहित ३९ स्थानीय तहले ल्याएनन् बजेट

## आन्तरिक द्वन्द्वमा फसेका बालेन र हर्क समयमा बजेट ल्याउन असफल

- बजेट ल्याउन नसक्नेमा महानगर एक, उपमहानगर एक, नगरपालिका २२ र गाउँपालिका १५ वटा
- बजेट पेस गर्न नसक्नुका कारण प्रमुखको स्वास्थ्यदेखि राजनीतिक दल तथा जनप्रनिधिबीचको विवादसम्म
- महानगरमा सबैभन्दा बढी बजेट पोखराको, कम वीरगञ्जको



**आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकाल (बायाँ), बजेट सार्वजनिक गर्दै म्याग्दीको बेनी नगरपालिकाका प्रमुख सुरत केसी र उपप्रमुख ज्योति लामिछाने (बीचमा) तथा काठमाडौंको तारकेश्वर नगरपालिकाकी उपप्रमुख सिर्जना बुर्लाकोटी अर्याल बजेट प्रस्तुत गर्दै ।** *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साह र सुनसरीको धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ संवैधानिकरूपमै तोकिएको मितिमा बजेट ल्याउन असफल भएका छन् । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले हरेक नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट असार १० भित्र पेस गरिसक्नुपर्ने व्यवस्था भए पनि स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित यी दुई प्रमुखले तोकिएको मितिमा बजेट ल्याउन सकेनन् ।

धरानले अघिल्लोपटक पनि म्याद गुजारेर साउन पहिलो हप्तामा बजेट ल्याएको थियो । काठमाडौंमा भने निर्धातिर मितिमा बजेट नआएको यो पहिलो घटना हो ।

### बजेट ल्याउन नसक्ने २२ नगरपालिका

यद्यपि, यी दुई नगरपालिकामात्र यो सूचीमा छैनन् । यसरी बजेट ल्याउन नसक्ने नगरपालिकाको संख्या २२ रहेको नेपाल नगरपालिका संघले जानकारी दिएको छ । असार १० साँझसम्म २६९ नगरपालिकालेमात्र बजेट ल्याएका संघले जनाएको छ ।

प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंसँगको विवादका कारण काठमाडौं महानगर प्रमुख बालेनले बजेट सार्वजनिक गर्न नसकेका हुन् । धरानमा प्रमुख साम्पाङ र उपप्रमुख अइन्द्रविक्रम बेघाबीचको विवादले बजेट आएन । धरान बजेट ल्याउन नसक्नेमा कोशी प्रदेशको एक्लो नगरपालिका बनेको छ । उक्त प्रदेशका सबै नगरपालिकाले बजेट सार्वजनिक गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

### पाँच महानगरको बजेटका प्राथमिकता

चितवनको भरतपुर महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि पाँच अर्ब १९ करोड ७१ लाख ६६ हजार रूपैयाँको बजेट ल्याएको छ । सोमबार महानगरको १७औं नगरसभामा नगरप्रमुख रेनु दाहालले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि नगर उपप्रमुख चित्रसेन अधिकारीले बजेट प्रस्तुत गरेका हुन् । महानगरको आगामी आवको बजेट चालु आव २०८१/८२ को भन्दा एक अर्ब ३६ करोड रूपैयाँले कम हो । महानगरले चालु आवमा छ अर्ब ५५ करोड ८५ लाख ९८ हजार र गत आव २०८०/८१ मा छ अर्ब ४८ करोड ७९ लाख ९० हजार रूपैयाँको बजेट ल्याएको थियो ।

कास्कीको पोखरा महानगरपालिकाले आइतबार नै आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## दक्षिण कोरियामा म्यानपावरमार्फत सीपयुक्त कामदार पठाउने बाटो खुल्यो

■ ममता थापा



**काठमाडौं–** दक्षिण कोरियामा अब म्यानपावर कम्पनीले कामदार पठाउन पाउने भएको छ । सरकारले ई-७ भिसामार्फत इजाजतपत्र प्राप्त संस्था (म्यानपावर)ले कोरियामा श्रमिक पठाउन पाउनेगरी 'दक्षिण कोरियामा सीपयुक्त जनशक्ति पठाउनेसम्बन्धी कार्यविधि, २०८०' संशोधन गरेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मंगलबार सार्वजनिक गरेको कार्यविधिको दोस्रो संशोधनमा निजी क्षेत्रका व्यवसायी-व्यवसायी (बिटुबी) मार्फत म्यानपावर व्यवसायीले दक्ष तथा अर्धदक्ष श्रमिकलाई ई-७ भिसामार्फत कोरिया पठाउने बाटो खुला गरिदिएको छ । व्यवसायीहरूले लामो समयदेखि राख्दै आएको मागबमोजिम सरकारले यस्तो व्यवस्था गरेको हो ।

हालसम्म दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत भाषा परीक्षा उत्तीर्ण गरेका अदक्ष श्रमिक लग्दै आएको थियो । संशोधित कार्यविधि कार्यान्वयनमा आएपछि इजाजतपत्र प्राप्त संस्थाले वैदेशिक रोजगार विभागको स्वीकृतिमा मौसमी कामदारबाहेकका श्रमिक कोरिया पठाउन पाउने छन् ।

आधारभूत कोरियन भाषा जान्ने र पेसागत सीप हासिल गरेकाहरूले मात्र ई-७ भिसामा जानका लागि आवेदन दिन सक्ने संशोधित कार्यविधिमा उल्लेख छ । श्रमिकलाई रोजगारीका लागि जाँदा लाग्ने लागत तथा सेवा शुल्क इपिएस प्रणालीकै कायम हुने जनाइएको छ ।

- ई-७ भिसामार्फत इजाजतपत्र प्राप्त संस्था (म्यानपावर)ले कोरियामा श्रमिक पठाउन पाउनेगरी 'दक्षिण कोरियामा सीपयुक्त जनशक्ति पठाउनेसम्बन्धी कार्यविधि, २०८०' संशोधन
- विभागको स्वीकृतिमा मौसमी कामदारबाहेकका श्रमिक कोरिया पठाउन पाउने
- ई-७ भिसामा जानका लागि आधारभूत कोरियन भाषा र पेसागत सीप अनिवार्य
- लागत तथा सेवा शुल्क इपिएस प्रणालीकोभन्दा बढाउन नपाउने

तोकिएको सीप र भाषा सिक्न लाग्ने खर्च भने श्रमिक आफैंले व्यहोनुपर्ने मन्त्रालयले जनाएको छ ।

श्रमिक पठाउने म्यानपावरसँग रोजगारदाताको आवश्यकताअनुसारको भाषा र सीपको परीक्षणका लागि वा रोजगारदाता स्वयं आएर भाषा र सीपको परीक्षण गर्ने भएमा तोकिएको मापदण्डबमोजिमको तालिम केन्द्र वा पूर्णकालीन उपयोग गर्न सकिने तालिम केन्द्र हुनुपर्ने छ । सो तालिम केन्द्रमा रोजगारदाताले तोकेबमोजिमको प्रशिक्षकसमेत हुनुपर्ने कार्यविधिमा उल्लेख छ ।

रोजगारदाता आफैं आएर भाषा र सीपको निःशुल्क परीक्षण गरेपछि तालिम केन्द्रले योग्यताको प्रमाणपत्र दिनुपर्ने विषय पनि यो कार्यविधिमा थप गरिएको छ । कार्यविधिका अनुसार छनोट भएका श्रमिकको सम्झौतापत्रमा तोकिएको तलब, बिमा, ओभरटाइमबापतको भत्ता, बिदा, उपदान, सामाजिक सुरक्षा, स्वास्थ्य उपचार, स्वास्थ्य परीक्षण र अन्य कल्याणकारी सुविधा स्पष्ट उल्लेख भएको हुनुपर्ने छ । रोजगारदाताले सम्झौतापत्रको चारवटा प्रतिमा हस्ताक्षर गरी श्रमिकको हस्ताक्षरका लागि सो पत्र म्यानपावरमा पठाउनुपर्ने उल्लेख गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

## 'जुलाईबाट संस्थागत माध्यमबाट युरोपमा श्रमिक पठाउँछौं'



■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आउँदो जुलाई महिनाबाट युरोपेली मुलुकमा संस्थागत माध्यममार्फत श्रमिक पठाइने बताएका छन् । मंगलबार प्रतिनिधिसभामा श्रम मन्त्रालयसँग सम्बन्धित बजेटमाथि उठेका प्रश्नको जवाफ दिने क्रममा उनले युरोपका मुलुकहरूमा श्रमिक पठाउनका लागि तयारी भएको बताएका हुन् ।

मन्त्री भण्डारीले नेपालीहरू विदेशमा हुँदासमेत मेरो देशको सरकार साथमा छ भन्ने अनुभूति हुनेगरी नयाँ सम्झौतामा राख्नुपर्ने न्यूनतम मापदण्ड आगामी आर्थिक वर्षदेखि लागू गरिने बताए । यसका लागि द्विपक्षीय सम्झौतामा के-के विषय हुनुपर्दछ भनेर व्यापक छलफल गरी मस्यौदा तयार गरिएको उनले जानकारी दिए ।

उनले खाडी मुलुक जाने श्रमिकको सुरक्षा र सेवासुविधा सुनिश्चित गर्न संवाद आयोजना हुने बताए । 'आगामी जुन २५ र २६ मा जिसिसी एसिया डायलग आयोजना गर्दै छौं । हाम्रो न्यूनतम मापदण्डको विषयमा गन्तव्य मुलुकहरूसँग हाम्रो स्पष्ट धारणा प्रस्तुत गर्दै छौं,' मन्त्री भण्डारीले भने ।

गन्तव्य मुलुकको विकासका लागि रगत पसिना बगाउने नेपाली श्रमिकलाई सम्मानको रूपमा हेर्दै उनीहरूको न्यूनतम मानवअधिकार सुनिश्चितता गर्नुपर्ने विषयमा नेपालको अडान रहने बताए । नेपाली श्रमिक विदेशी भूमिमा रहँदा २४सै घण्टा बिमा कायम गराउनुपर्ने विषय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फोरममा राखिएको उनले बताए ।

सूचना प्रणालीको विकास

मन्त्रालयले श्रम तथा रोजगारका सबै सूचनाहरू एकीकृत गरी नीति तथा कार्यक्रम निर्माण गर्न राष्ट्रिय श्रमबजार सूचना प्रणालीको निर्माणका लागि प्राविधिक अध्ययन गरिरहेको मन्त्री भण्डारीले बताए । यसमा सीप विकास, वैदेशिक रोजगारको जानकारी, श्रमिक नियुक्तिलगायत सबै विषयहरू समावेश हुने जनाइएको छ ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र मेसिन लर्निङजस्ता प्रविधिहरू प्रयोग गरी स्वदेश वा विदेशमा रहेका नेपालीहरूलाई एकीकृत श्रम तथा रोजगार सेवा वा अध्यागमनसँग सम्बन्धित विषयलाई व्यवस्थापन गर्न यो प्रणाली सहायक हुने अपेक्षा गरिएको उनले बताए । 'मन्त्रालयबाट विदेशमा खटाइएका श्रम कन्सुलर र श्रम सहचारीहरूसँग श्रम तथा कन्सुलर सेवाका लागि ठूलो संख्यामा व्यक्तिहरूले जानकारी लिन चाहेको देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## काठमाडौं र धरानसहित...

यता मधेस प्रदेशमा १६ वटा नगरपालिकाले बजेट ल्याउन सकेनन् । बागमतीमा काठमाडौंसहित चार नगरपालिकाले बजेट पेस गर्न सकेनन् । नुवाकोटको विदुर, काभ्रेको पनौती र चितवनको राप्ती नगरपालिकाले बजेट पेस गर्न नसकेको हो । गण्डकी र सुदूरपश्चिमका सबै नगरपालिकाले बजेट पेस गर्दा लुम्बिनीका २ र कर्णालीको एक नगरपालिकाले बजेट पेस गर्न नसकेको नगरपालिका संघले जनायो ।

### बजेट नल्याउने १५ गाउँपालिका

देशभरका १५ वटा गाउँपालिकाले निर्धारित मितिभित्र बजेट ल्याउन सकेनन् । बजेट ल्याउन नसक्ने गाउँपालिकामा सबैभन्दा बढी मधेस प्रदेशका नौ र सबैभन्दा कम बागमती प्रदेशको एक रहेको छ । गण्डकी र लुम्बिनी प्रदेशका दुई-दुई वटा गाउँपालिका बजेट ल्याउन सकेनन् । कोशी र सुदूरपश्चिमका सबै गाउँपालिकाले बजेट प्रस्तुत गरेका गाउँपालिका महासंघले जनायो ।

समयमा बजेट पेस गर्न नसक्नुको कारण प्रमुखको स्वास्थ्यदेखि विवादसम्म रहेको महासंघका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरेलले जनाए । 'आज बजेट पेस गर्न नसकेका गाउँपालिकाहरूमा अध्यक्ष अस्वस्थ भइ कार्यक्षेत्र बाहिर रहनु, जनप्रतिनिधिबीच आपसी द्वन्द्व, बजेट विनियोजनमा विवाद तथा तयारी गर्न समय नपुगेकोलगायतका कारण रहेको पाइएको छ,' प्याकुरेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । पर्वतको बिहादी गाउँपालिकामा भूमि बैंकको विवादले बजेट रोकिएको बताइएको छ । यता मोरङको ग्रामथान गाउँपालिकामा एमाले र माओवादीबीचको विवाद, कास्कीको मादीमा कांग्रेस र एमालेकै विवादका कारण बजेट नआएको बताइएको छ । कपिलवस्तुको शुद्धोधन गाउँपालिका, विजयनगर र मायादेवी गाउँपालिकाले तयारी नपुगेको जनाएका छन् ।

## पाँच महानगरको ...

कार्यक्रम र बजेट सार्वजनिक गरेको थियो । पोखरा सभागृहमा भएको १७औं नगरसभामा उपप्रमुख मञ्जुदेवी गुरुङले आठ अर्ब ३५ करोड १२ लाख रूपैयाँको अनुमानित बजेट सार्वजनिक गरेकी हुन् । बजेटमा चालु र पुँजीगतको रकम कति भन्ने नै खुलाइएको छैन । नगर कार्यपालिकाको कार्यालयलाई ९६ करोड रूपैयाँ विनियोजन गरिएको छ । बजेटमा सबैभन्दा बढी पूर्वाधार विकासले प्राथमिकता पाएको छ ।

पर्साको वीरगञ्ज महानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि तीन अर्ब २२ करोड ४८ लाख ४९ हजार रूपैयाँको बजेट ल्याएको छ । सोमबार महानगरको नगरसभाको १७औं अधिवेशनमा महानगरका उपप्रमुख इम्तियाज आलमले आगामी आर्थिक वर्षका लागि उक्त बजेट प्रस्तुत गरेका हुन् । वीरगञ्जले आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षको भन्दा झण्डै ३३ करोड रूपैयाँ बढी बजेट ल्याएको हो । चालु आर्थिक वर्षका लागि वीरगञ्ज महानगरको बजेट दुई अर्ब ८९ करोड ४८ लाख १७ हजार रूपैयाँको थियो ।

मोरङको विराटनगर महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि चार अर्ब ४० करोड रूपैयाँबराबरको बजेट सार्वजनिक गरेको छ । मंगलबार बसेको १६औं नगर सभामा उपप्रमुख शिल्पा निराला कार्कीले बजेट प्रस्तुत गरेकी हुन् । ललितपुर महानगरपालिकाले सात अर्ब ४७ करोड रूपैयाँबराबरको बजेट ल्याएको छ । मंगलबार महानगरपालिकाको सातौं नगरसभामार्फत आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरिएको हो । महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि प्रशासनिक खर्चतर्फ २९ प्रतिशत र पुँजीगत खर्चतर्फ ६१ प्रतिशत बजेट विनियोजन गरेको नगरप्रमुख चिरीबाबु महर्जनले बताए । उनले शिक्षा, स्वास्थ्य र खानेपानीलाई विशेष प्राथमिकतामा राखेर बजेट ल्याइएको बताए ।

## वैरागी नेतृत्वको...

उनले प्रोपोगाण्डाका विरुद्ध राप्रपा सडक र सदनमा एकजुट हुने र गठित छानबिन समितिले न्याय दिन नसक्ने दाबी गरे । माओवादी केन्द्रले भने छानबिन समिति गठन गर्ने सरकारको निर्णयलाई स्वागत गरेको छ । गत ३० जेठमा सत्तापक्ष र प्रमुख विपक्ष माओवादीबीच छानबिन समिति गठन गर्नेसहित दुईबुँदे सहमति भएको थियो । सोही निर्णयअनुसार गठित समितिबारे गृहमन्त्री लेखकले संसद्लाई जानकारी गराएका थिए । उनका अनुसार समिति सदस्यमा सहसचिवहरू तीर्थराज सिलवाल (अर्थ), अरुणा जोशी (कानुन, न्याय तथा संसदीय मामिला), रामकृष्ण लामिछाने (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन), मणिरत्न शर्मा (परराष्ट्र), प्रदीप कोइराला (श्रम, रोजागार तथा सामाजिक सुरक्षा) र गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले छन् । समितिलाई भिजिट भिसा प्रकरणको छानबिन गरी प्रतिवेदन बुझाउने समयसीमा तीन महिनाको छ ।

तर, छानबिन समिति गठनको मागकर्ता दुई दल रास्वपा र राप्रपाले संयोजक वैरागीलाई अस्वीकार गर्दा समितिको औचित्यमाथि नै प्रश्न उठेको छ । हुन पनि पूर्वमुख्यसचिव वैरागीको विगत विवादित छ । पटक-पटक अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट जोगिएका कर्मचारी हुन् । उनी राष्ट्रिय सुरक्षा सल्लाहकार भएका बेला अख्तियारले उनका भतिज प्रदीप पौडेलको घरमा छापा मारेको थियो । प्राविधिकरूपमा प्रदीपको घरमा छापा मारेको भए पनि वैरागीबारे सूचना संकलन गर्न अख्तियारले चाहेको थियो । भलै, वैरागीविरुद्ध अख्तियारले मुद्दा चलाएन । तर, प्रदीपकै घरमा छापा मारेर बरामद गरेको फोनलगायत विभिन्न प्रमाणका आधारमा विकल पौडेलविरुद्ध भ्रष्टाचार मुद्दा चलाएको छ ।

वैरागी राष्ट्रिय सुरक्षा सल्लाहकार हुनुभन्दा अघि मुख्यसचिव थिए । त्यसबेला उनले सूचना प्रविधिको क्षेत्रमा एकपछि अर्को विवादास्पद काम गरेर उदाएका सुनिल-विकल पौडेलको समूहको बचाउका लागि गर्न नहुने पनि काम गरेका थिए । उसो त डा. वैकुण्ठ अर्याल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव बनेपछि विकल-सुनिलको धन्दा झनै बढेको बताइन्छ । विकल-सुनिल पौडेलले तत्कालीन मुख्यसचिव वैरागीबाट त नीतिगत चलखेल गराएर अनुकुलको लाभ लिइरहे । वैरागी मुख्यसचिव भएकै बेला पौडेल दाजुभाइले अर्बौंको भ्रष्टाचार गरेको आरोप छ ।

पौडेल दाजुभाइ टेरामक्स प्रकरण, राष्ट्रिय भुक्तानी प्रणाली लगायतमा अनियमिततामा मुछिएका छन् । अख्तियारले हालसम्म कम्तीमा छ वटा मुद्दा विशेष अदालतमा दायर गरिसकेको छ । यसरी विवादित पृष्ठभूमिका पात्र वैरागीको नेतृत्वमा सरकारले भिजिट भिसा प्रकरणको छानबिन गर्न समिति गठन गरेको हो । वैरागी समितिलाई लिएर 'दूधको साक्षी बिरालो' भएको भन्दै कतिपयले टिप्पणी गरेका छन् ।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने छानबिन समितिप्रति अविश्वास गर्नुपर्ने कुनै कारण नभएको बताए । उनले माओवादीसँगको दुईबुँदे सहमति र रास्वपा तथा राप्रपाको मागअनुसार छानबिन समिति गठन गरिएको बताए । छानबिन समितिप्रति भरोसा राखेर समितिलाई निष्पक्ष छानबिनका लागि संसद्का सबै शक्तिले भूमिका खेल्नुपर्ने उनको भनाइ छ ।

'भिजिट भिसा प्रकरणको छानबिन अख्तियारले गरिरहेको छ । संवैधानिक निकायले गर्ने छानबिनलाई प्रभावित पार्नु हुँदैन तर छुट्टै समितिको माग भयो र समिति गठन गर्ने निर्णय सरकारले लियो । अब समितिलाई काम गर्न दिऔं । विश्वास गरौं,' उनले भने ।

गृहमन्त्री लेखकले भने भिजिट भिसा प्रकरणमा आफ्नो संलग्नतालाई अस्वीकार गर्दै आएका छन् । तर, आफ्नो सचिवायका कर्मचारीको कनेक्सन देखिएको विषयमा हालसम्म प्रस्टीकरण दिएका छैनन् ।

अख्तियारले उनले नै त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका प्रमुखमा सरुवा गरेका तीर्थराज भट्टराईलाई गत ७ जेठमा नियन्त्रणमा लिएको थियो । अनि, पोल खुल्यो- भिजिट भिसाको नाममा मानव तस्करी, जहाँ गृहमन्त्री लेखकको शंकास्पद भूमिकाको संकेत मिल्यो ।

अख्तियारको अनुसन्धानमा भट्टराईसँग मन्त्री लेखकका सचिवालयका कर्मचारीहरू बद्री तिवारी, जनक भट्ट, गणेशदत्त ओझा र विमल पौडेलको नियमित सम्पर्क र संवाद हुने गरेको देखियो । भिजिट भिसाको नाममा मान्छे विदेश पठाएबापत मन्त्रीको नाममा दैनिक ५० लाख रूपैयाँ आउने गरेकोसम्म आरोप छ । भनिन्छ, मिलेमतोमा नेपालीहरूलाई भिजिट भिसामा खाडी मुलुक र युरोप पठाइन्थ्यो ।

यसरी मानव तस्करमा संलग्न कर्मचारीको रातारात सरुवा गृहमन्त्री लेखकले नै गरेका थिए । यसले पनि गृहमन्त्री लेखक भिजिट भिसा प्रकरणमा चोखा छन् भन्नेमा विपक्षी दलहरूले शंका गरेका छन् । कतिसम्म भने उनीमाथि अध्यागमन प्रमुख तीर्थराज भट्टराईलाई अख्तियारले 'स्टिङ अपरेसन' गरेर पक्राउ गर्ने सूचना पाएपछि गृह मन्त्रालयमा सुटुक्क सरुवा गरेको आरोप पनि छ । फेरि, अध्यागमन प्रमुख भट्टराई निकै विवादित सहसचिव हुन् । उनलाई गृहमन्त्री भएपछि लेखकले निकै संवेदनशील मानिने त्रिभुवन विमानस्थलको अध्यागमन प्रमुख बनाएका थिए । उनै लेखकको राजीनामा र उनीमाथि छानबिनको माग यतिबेला रास्वपा र राप्रपाले गर्दै आएका छन् ।

## दक्षिण कोरियामा...

यस प्रणालीमार्फत कोरिया गएका श्रमिकको विषयमा कार्यविधिको दफा १३ मा सुरक्षासम्बन्धी व्यवस्था गरिएको छ । म्यानपावरले नियमितरूपमा समन्वय गरी श्रमिकको काम, गुनासो, सेवासुविधा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कल्याणकारी सेवाको सञ्चालन, कामदारको सम्पर्क विवरण, क्षतिपूर्ति तथा परिपुरणको सुनिश्चितता गर्नुपर्ने छ । उक्त विवरण प्रत्येक तीन महिनामा विभाग र दूतवासलाई दिनुपर्ने उल्लेख छ । विवरण यकीन गर्न दूतावासले कम्पनीसँग प्रतिवेदन माग गर्नसक्ने प्रावधान राखिएको छ । प्रतिवेदन झूठा ठहरिए त्यस्ता मागपत्र दूतावासले प्रमाणीकरण नगर्ने भनिएको छ ।

कोरियामा काम गर्ने प्रवेशाज्ञा पाएको श्रमिकले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानबाट अभिमुखीकरण तालिम लिनुपर्ने छ । ई-७ प्रणालीअन्तर्गत पारदर्शीरूपमा श्रमिक छनोट गरे नगरेको, तोकिएको मापदण्ड पूरा भए नभएको अनुगमन वैदशिक रोजगार विभागले गर्ने व्यवस्था गरिएको छ ।

### मागपत्र प्रमाणीकरणको प्रक्रिया

मागपत्र प्रमाणीकरणका लागि रोजगारदाताले पूरा गर्नुपर्ने प्रक्रियाको विषय यो कार्यविधिमा थप गरिएको छ । रोजगारदाता कम्पनीको प्रमाणपत्र, कम्पनीको प्रोफाइल, कार्यसञ्चालन अनुमतिपत्र, प्रतिनिधि भए प्रतिनिधिको वारेसनामा, कोरियाली तथा अंग्रेजी भाषामा दूतावासमा पेस गर्नुपर्ने छ । त्यसका साथै श्रमिकको तलबमान, सेवा, सुविधा, कार्य सर्त, प्रतिबद्धतापत्र तथा रोजगार सम्झौता उल्लेख गरिने मुख्य विवरण र रोजगारदाताको भाषा परीक्षा तथा सीप परीक्षण निःशुल्करूपमा नेपालमै सञ्चालन गर्ने प्रतिबद्धतापत्र पनि आवश्यक पर्ने छ । यी कागजात अनलाइन प्रणालीमा पेस गर्नुपर्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।

यसरी पेस गरिएको मागपत्रलाई दूतावासले वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ अनुसार आधिकारिकता यकीन गरी सिफारिससहित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेम्स)मार्फत विभागमा पठाइ रोजगारदातालाई जानकारी गराउनुपर्ने छ । मागपत्र प्रमाणीकरण भएर आएपछि म्यानपावरले आवश्यक विवरण खुलाएर १५ दिनको म्याद राखेर दैनिक पत्रिकामा सार्वजनिक सूचना निकालेर दरखास्त आह्वान गर्नुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ ।

## जुलाईबाट संस्थागत...

दूतावासमा फोन उठेन भने निश्चित समयपश्चात् त्यो कल नेपालस्थित कल सेन्टरमा 'आइपी बेस्ड फोन'मार्फत 'फरवार्ड' हुने व्यवस्था मिलाउन लागिएको छ,' मन्त्री भण्डारीले भने, 'अहिले नेपाली को कहाँ छन् भन्ने सामान्य जानकारीसमेत नभएको अवस्थामा विदेशमा रहेका नेपालीलाई मातृभूमिसँग प्रत्यक्ष सम्पर्क स्थापना गर्ने यो एक प्रभावकारी प्रणाली हुनेमा हामी विश्वस्त छौं ।' त्यस्तै श्रम संसार पोर्टल र मोबाइल एप्लिकेसनको विकास र विस्तारलाई मन्त्रालयले उच्च प्राथमिकतामा राखेको उनको भनाइ थियो । यो प्रणाली समग्र 'इम्पोइमेन्ट इकोस्स्टिम'मा प्रयोग हुने उनले बताए ।

### ठगी नियन्त्रण गर्न संरचना विस्तार

वैदेशिक रोजगारीमा हुने ठगीबाट नेपालीहरू 'थ्री डी' अर्थात् 'डेथ, डेब्ट र डिजिटल ट्र्याप'मा परेका श्रममन्त्री भण्डारीले बताए । ठगीसम्बन्धी सूचना कुनै पनि माध्यमबाट प्राप्त भए सरकारका संयन्त्रहरूले कानुनबमोजिम कारबाही गर्ने प्रतिबद्धता उनले व्यक्त गरे ।

'वैदेशिक रोजगारका लागि व्यक्तिगत ठगीका विषयलाई सम्बोधन गर्न नीतिगत व्यवस्था मिलाउनुपर्ने देखिएको छ । करिब ३६ हजार यस्ता ठगीका मुद्दाहरूलाई सम्बोधन गर्न संस्थागत संरचनामा विस्तार गरी जिल्ला प्रशासन कार्यालयहरूलाई थप जिम्मेवारी दिने कार्य अघि बढाएको छ,' श्रममन्त्री भण्डारीले भने । उनले वैदेशिक रोजगारबाट फर्केका श्रमिकको श्रम र स्रोतलाई उच्चतम उपयोग गर्ने गरी पुनःएकीकरण कार्यक्रम, सुरक्षित आप्रवासन कार्यक्रमजस्ता कार्यक्रमहरूलाई प्राथमिकताका साथ अगाडि बढाइएको जानकारी दिए ।

'वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई अनिवार्यरूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध हुने व्यवस्था मिलाइएको छ र स्वदेश फर्किसकेपछि कोषमार्फत योगदानमा आधारित पेन्सन, विभिन्न प्रकारका सामाजिक सुरक्षा योजनामा सहभागी हुने व्यवस्था मिलाइएको छ,' श्रममन्त्री भण्डारीको भनाइ छ । स्थानीय तहमा नै पूर्वनिर्णय अभिमुखीकरण दिनेगरी कार्यक्रमको सुरुआत गरिने पनि उनले बताए ।

### मन्त्रालयबाट भएका काम

श्रममन्त्री भण्डारीका अनुसार वैदेशिक रोजगारीमा जानुपूर्व गरिने स्वास्थ्य परीक्षणमा देखिने लापरवाही घटाउन विभिन्न विद्युतीय संयन्त्रहरू प्रयोगमा ल्याइएको छ । स्वास्थ्यसम्बन्धी विषयलाई पूर्वप्रस्थान अभिमुखीकरणमा थपिनेर टेलिमेडिसिन सेवालाई व्याप बनाइने उनले बताए ।

मन्त्री भण्डारीले रोजगारीमा जानेहरू चर्को ब्याज तिरेर विदेश जाने र ऋण तिर्न नसकेर 'डेब्ट ट्र्याप'मा पर्ने गरेका कारण विभिन्न कोषहरूको परिचालन गरी ऋण प्रवाह गर्न आवश्यक कार्यहरू अघि बढाइएको जनाएका छन् । साथै, आवश्यक सूचनाको अभावमा डिजिटल ट्र्यापमा परेका कामदारहरूलाई आवश्यक सूचना प्रदान गर्न आप्रवासी स्रोत केन्द्र, रोजगार सेवा तथा सूचना केन्द्रबाट अभिमुखीकरण गरिएको जानकारी दिए ।

जुनसुकै तवरबाट वैदेशिक रोजगारीमा गएका श्रमिकलाई सरकारले सहयोग गर्नुपर्ने उनले बताए । उनीहरूको श्रम स्वीकृति र कानुनी मान्यता नहुँदा वैदेशिक रोजगार बोर्ड तथा बिमाको सुविधाबाट वञ्चित रहेको मन्त्री भण्डारीले उल्लेख गरे । 'उनीहरूको अभिलेखीकरण, हकहितको प्रवर्द्धन, आपत्कालीन सहयोग र आपत्कालीन उद्धार हाम्रो कर्तव्य हो,' उनले भने ।

सेप्टेम्बर २०२४ लाई 'कट अफ' मानेर जुनसुकै नेपाली जुनसुकै तवरले विदेशमा कानुनी तवरले श्रम गरिरहेको छ भने- त्यस्तो व्यक्तिलाई अभिलेखीकरण गर्ने निर्णय गरिसकेको पनि उनले जानकारी दिए । 'यसका लागि कार्यविधि तयार पारेर राजदूतावासमा पठाइसकिएको छ । राजदूतावासमा बायोमेट्रिक लिने उपकरण खरिदका लागि रकमसमेत पठाइसकेका छौं,' मन्त्री भण्डारीले भने ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/११**

**हिलटन एकेडेमी** को मिति २०८२/०२/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निमस्वे एकेडेमी प्रा. लि. (प्रा.लि. नं. १३७४४२)** कायम गर्ने गरी मिति २०८२/०२/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**सूचना**



धादिङ जिल्ला, नेत्रावती डबजोङ गा.पा.-४ निवासी भारतीय सेनाका अवकाश प्राप्त भूतपूर्व सैनिक Army No. JC634321F सुबेदार नारायण प्रसाद प्रधानकी श्रीमतीको नेपाली नागरिकतामा नाम, थर बुद्धि कुमारी श्रेष्ठ र जन्म मिति वि.सं. २०१५/०३/०४ (18 June 1958) कायम भएको तर भारतीय पेन्सन पट्टाको विवरणमा नाम, थर माकुरी कुमारी प्रधान र जन्ममिति वि.सं. २०१८/०३/१८ (2 July 1961) कायम भई विवरण फरक फरक परेकोले जिल्ला प्रशासन कार्यालय, धादिङबाट मिति २०८२।०२।२७ गते च.नं. ४२८३ को पत्रबाट प्रमाणित भई आए बमोजिम निज बुद्धि कुमारी श्रेष्ठ र माकुरी कुमारी प्रधान फरक-फरक नभई एकै व्यक्ति भएको व्यहोरा सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिको छ ।



**JOB VACANCY**

**We are hiring experienced professionals for the following positions at our Sugar Mill:**

1. **Boiling House Engineer** Minimum 5–7 years of relevant experience
2. **Boiling House Chemist** Minimum 10–12 years of relevant experience

**Attractive salary: negotiable based on experience.**

Interested candidates may send their **CV** to:
**Email: humanresourcehrd1993@gmail.com**

**Reliance Sugar & Chemical Industries Pvt. Ltd.**
**Kalaiya-24, Bara, Nepal**


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


बुधबार, ११ असार, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ असार , २०८२ (२५ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.५१ | १३९.११ |
| युरो | १ को | १५८.७९ | १५९.४८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.२९ | १८६.०९ |
| स्विस फ्रैन्क | १ को | १६९.१९ | १६९.९३ |
| अस्ट्रेलियन डलर | १ को | ८८.३७ | ८८.७५ |
| क्यानाडियन डलर | १ को | १००.४८ | १००.९१ |
| सिङ्गापुर डलर | १ को | १०७.१२ | १०७.५९ |
| जापानी येन | १० को | ९.३७ | ९.४१ |
| चिनियाँ युआन | १ को | १९.२७ | १९.३५ |
| साउदी अरब रियाल | १ को | ३६.९२ | ३७.०८ |
| कतारी रियाल | १ को | ३८.०० | ३८.१६ |
| थाई भाट | ख १ को | ४.२० | ४.२२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७२ | ३७.८८ |
| मलेसियन रिङेट | १ को | ३२.२५ | ३२.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९६ | १०.०० |
| स्विडिस क्रोनर | १ को | १४.२२ | १४.२९ |
| डेनिस क्रोनर | १ को | २१.२९ | २१.३८ |
| हङकङ डलर | १ को | १७.६४ | १७.७२ |
| कुवेती दिनार | १ को | ४५२.०६ | ४५४.०२ |
| बहराइन दिनार | १ को | ३६७.११ | ३६८.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# विद्यार्थीको संख्याका आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड



■ प्रभाव संवाददाता

**काठमाडौं–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले नेपालमा नर्सिङ पढ्ने विद्यार्थीको संख्या बढ्दै गएकाले सोहीअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्का आंगिक शिक्षालयहरूले कार्यक्रम सञ्चालन गर्नुपर्ने बताएका छन् ।

मंगलबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा आयोजित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्को २०८औं परिषद् बैठकमा उनले प्रयोगात्मक अभ्यासका लागि संघ र प्रदेश मातहत रहेका सरकारी अस्पतालसँग सहकार्य गर्ने नीतिगत निर्णय गर्न मन्त्रिपरिषद् बैठकमा साझा प्रस्ताव तयार गरी पेस गर्न उपयुक्त हुने धारणा व्यक्त गरे ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य क्षेत्रका प्रयोगात्मक अभ्यासमा केही जटिलता रहेका बताउँदै संघको मातहतमा कम अस्पताल रहेकाले प्रदेश मातहतका अस्पतालसँग समन्वय गर्नुपर्ने राय व्यक्त गरे । उनले नर्सिङको प्रयोगात्मक अभ्यासका लागि प्रमाणपत्र तह र स्नातक तहलाई एउटै अस्पतालमा अनुमति प्रदान गर्ने व्यवस्था गर्नसकेमा समस्या समाधान हुने भन्दै त्यसका लागि नीतिगत निर्णय आवश्यक पर्नेमा जोड दिए ।

बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका स्वास्थ्य मन्त्रालयका सचिव, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिम परिषद्का सदस्यसचिव तथा अन्य पदाधिकारीहरूको उपस्थिति थियो । चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झाले नर्सिङ जनशक्तिको अभाव बाहिर बजारमा आएजस्तो भयावह नरहेको, एउटा अस्पतालमा धेरै शैक्षिक संस्थाहरूले प्रयोगात्मक अभ्यासका लागि सम्झौता गर्ने गरेकाले समस्या देखिएको र नर्सिङ पढ्नका लागि प्रयोगात्मक अभ्यासका गर्न विशिष्टीकृत नभई जनरल अस्पताल आवश्यक पर्ने धारणा व्यक्त गरे ।

मंगलबारको परिषद् बैठकका शिक्षण संस्थाहरूको नाम परिवर्तन, स्वामित्व परिवर्तन (नामसारी) तथा ठाउँसारी, स्थगित कार्यक्रम पुनःसञ्चालन एवं संस्था समायोजना गर्ने, अधिकार प्रत्यायोजन, सम्बन्धन/स्वीकृति प्रक्रिया पूरा गरेका र अदालतबाट निर्णय भई आएका शैक्षिक संस्था, सभाको तयारी तथा मिति तोक्ने विषय, गैरनाफामूलक साझेदारी संस्था र प्रतिष्ठान, आंगिक शिक्षालयमा कार्यक्रम थप गर्नेलगायत विषयमा छलफल भएको जानकारी दिइएको छ ।

# २० वर्षे 'सगरमाथा वृक्षरोपण महाअभियान' घोषणा

**काठमाडौं (प्रस)–** वन तथा वातावरण मन्त्रालयले 'सगरमाथा संवाद' कार्यक्रमको आह्वानअनुसार २० वर्षे 'सगरमाथा वृक्षरोपण महाअभियान' सञ्चालन गर्ने घोषणा गरेको छ ।

गत जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा सम्पन्न सगरमाथा संवादको आह्वानअनुसार यो महाअभियान सञ्चालन गर्न सोमबार मन्त्रीस्तरीय निर्णय गरिएको मन्त्रालयले जनाएको छ । निर्णयानुसार सन् २०२५ देखि सन् २०४५ सम्म हरेक वर्ष असार १४ देखि साउन १५ सम्म नेपालभर उपयुक्त जग्गामा वृक्षरोपण गर्ने र लगाएका रुख बिरुवाको संरक्षण गरिने छ ।

सगरमाथा संवादले हिमालय क्षेत्रमा हिउँ पग्लिँदै गएको, त्यसले तल्लो तटीय क्षेत्रमा ठूलो नकारात्मक प्रभाव पार्ने निश्चित देखिएकाले हिमालय जोगाउन आह्वान गरेको थियो । यस सन्दर्भमा हिमालय क्षेत्र जोगाउने अभियान नेपालबाटै सुरु गरिनु आवश्यक ठानी हिमालय जोगाउने विभिन्न प्रयासमध्ये यो एक महत्त्वपूर्ण महाअभियानका रूपमा हुने वनमन्त्री ऐनबहादुर शाही ठकुरीले बताए ।

यही असार १४ गते वृक्षरोपण दिवसका दिन महाअभियानको शुभारम्भ गरिने मन्त्रालयले जनाएको छ । महाअभियानअन्तर्गत मुलुकभर स्थानीय परम्परागत र फलफूलजन्य बिरुवा रोपण गरिने छ ।

नेपालले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्य गर्ने अन्तरराष्ट्रिय प्रतिबद्धता गरेको छ र यस महाअभियानले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्य गर्ने लक्ष्य प्राप्तिमासमेत योगदान पुग्ने अपेक्षा गरिएको छ । हरेक वर्ष असार १४ देखि साउन १५ गतेसम्म सञ्चालन हुने महाअभियानलाई थप प्रभावकारी बनाउन आ-आफ्नो क्षेत्रबाट सहभागी भई सफल बनाउन विभिन्न निकायलाई अनुरोध गरिएको छ ।

मन्त्रालयले महाअभियानमा संघीय मन्त्रालय/निकाय (सबै), प्रदेश सरकार (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र वन तथा वातावरण क्षेत्र हेर्ने प्रदेश मन्त्रालय), सबै स्थानीय सरकार, वन क्षेत्रमा क्रियाशील सामुदायिक, साझेदारी तथा निजी वनका महासंघ, निजी क्षेत्र, नागरिक समाज र सञ्चार क्षेत्रलगायत सबै सरोकारवालालाई अनुरोध गर्ने निर्णय गरेको छ ।

नेपालले सगरमाथा संवादपश्चात् सुरु गरिएको महाअभियान हुनाले यसको नामसमेत 'सगरमाथा वृक्षरोपण महाअभियान' राखिएको हो । यो अभियानमा आमनागरिकले आफ्ना पूर्वजहरूको सम्झनामा, भावी पुस्ताको सुरक्षित भविष्यका लागि र हाम्रो शिर हिमालयको संरक्षणका लागि वृक्षरोपण गर्न सक्ने छन् ।

# प्रतिनिधिसभाबाट पारित भयो बजेट



**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको मंगलबारको बैठकले विनियोजन विधेयक, २०८२ (बजेट) पारित गरेको छ । मंगलबारको बैठकमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राखेको 'विनियोजन विधेयक, २०८२ लाई पारित गरियोस्' भन्ने प्रस्ताव सभाको बहुमतले पारित गरेको हो । त्यसअघि सभामुख देवराज घिमिरेले विनियोजन विधेयक, २०८२ का दफाहरूलाई निर्णयार्थ प्रस्तुत गरे ।

सांसदहरू डा. अमरेशकुमार सिंह, प्रभु साह, दुर्गा राई, प्रेम सुवाल, अमनलाल मोदी, जनार्दन शर्मा, विमला सुवेदी, रेखा शर्मा, चित्रबहादुर केसी, शक्तिबहादुर बस्नेत, हितराज पाण्डे, रामकुमार राई, देवेन्द्र पौडेल, माधव सापकोटा, रणेन्द्र बराली, ज्ञानु बस्नेत सुवेदी, उर्मिला माझी, हितबहादुर तामाङ, अम्मरबहादुर थापा, छिरिङ ल्हामु लामा (तामाङ) नारायणी शर्मा, गंगा कार्की र लेखनाथ दाहालले प्रस्तुत गरेको खर्च कटौतीको प्रस्ताव बैठकको बहुमतले अस्वीकृत गरेको थियो ।

सोही बैठकमा विनियोजन विधेयक, २०८२ अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा, गृह, सञ्चार तथा सूचना प्रविधि, अर्थ, सहरी विकास, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय र उपराष्ट्रपतिको कार्यालयका विभिन्न शीर्षकहरू माथिको छलफलमा उठेका प्रश्नको सम्बन्धित मन्त्रीले जवाफ दिएका थिए ।

सरकारद्वारा गत जेठ १५ गते संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेट प्रस्तुत गरिएको थियो । यसअघिका बैठकमा विनियोजन विधेयकमाथि सामान्य र मन्त्रालयगत शीर्षकमाथि छलफल भएको थियो । विनियोजन विधेयकका विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्न र स्पष्टीकरणको सम्बन्धित मन्त्रीले जवाफ दिएका थिए ।


## अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भच्चेक, गोरखा

### सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/03/११)**

यस अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरूमा देहाय अनुसारको पदमा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि -२०८० बमोजिम खुल्ला प्रतिस्पर्धाबाट सेवा करारको माध्यमबाट पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण सहित अजिरकोट गााउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

१. **माग गरिएका पदहरू**

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २१/२०८१-०८२ | अ.हे.व | सहायकस्तर चौथो | ३ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कमतिमा अ.हे.व. वा सि.एम.ए कोर्ष उत्तिर्ण गरेको, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | सघिय तथा स्थानिय श्रोततर्फ |

२. **दरखास्त दिने स्थान (सबै पदको लागि)** : अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा ।

३. **दरखास्त दिने अन्तिम मिति (सबै पदको लागि)** : २०८२/०३/२५ गते कार्यालय समयसम्म ।

४. **आवेदन दस्तुर :- अ.हे.व** , चौथो तह :- रू ५००/-(रू. पाँच सय मात्र),

५. **छनौटको किसिम** : सबै पदको लागि - प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।

६. **आवेदनमा संलग्न कागजातहरू (सबै पदको लागि)**: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु

क. नागरिकता

ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग. चारित्रिक प्रमाणपत्र

घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात

ङ. ३ प्रति पासपोर्ट साइजको फोटो

च. सम्बन्धित पदको लागी सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्र

छ. स्वास्थ्य सेवाको हकमा उमेरको हद १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने

७. **सेवा सुविधा तथा अन्य** : नेपाल सरकारलेतोकेको सेवा सुविधा सरह वा गाउँपालिकाको सम्भौता बमोजिम

८. **आवेदनको ढाँचा तथा अन्य जानकारी** : अजिरकोट गाउँपालिकाको वेवसाइट www.ajirkotmun.gov.np र अजिरकोट गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

९. **परिक्षा मितिः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै तोकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**कुवेतमा रोजगार** — कम्पनी : ARKAD CONSUMER ORDER DELIVERY CO.

पूर्व स्वीकृति मिति : २०८२/03/१० | LT. No. 326057 | चलानी नं. ६०२४००२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 20 | 0 | 135 | ६०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**युएइमा रोजगार** — कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION L.

पूर्व स्वीकृति मिति : २०८२/03/१० | LT. No. 326067 | चलानी नं. ६०२४००१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Suttering Carpenter | 77 | 0 | 1200 | ४४,८१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ordinary Labour | 5 | 0 | 1000 | ४४,८१३ | | | | | | | |
| 3 | Steel Fixer (3 Yr Experience) | 77 | 0 | 1200 | ४४,८१३ | | | | | | | |
| 4 | PLASTER & BRICK MASON | 41 | 0 | 1200 | ४४,८१३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

**साउदीमा रोजगार** — कम्पनी : KHADIJA ALI SEDKA FOR GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/१० | LT. No. 326128 | चलानी नं. ६०२४००५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1500 | ५४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**युएइमा रोजगार** — कम्पनी : STRUCTURE ADVANCED BUILDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/१० | LT. No. 326073 | चलानी नं. ६०२४००५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 24 | 0 | 1200 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 18 | 0 | 1200 | ४४,८१० | | | | | | | |
| 3 | Steel Fixer | 14 | 0 | 1200 | ४४,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०९३/०७३/०७४

**Al Haya Recruitment Pvt. Ltd.**
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

**मलेसियामा रोजगार** — कम्पनी : SIN LEAN SOON FARMSDN BHD

पूर्व स्वीकृति मिति : २०८२/03/१० | LT. No. 326136 | चलानी नं. ६०२४००७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | labor agriculture farm | 40 | 0 | 1700 | ४६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**
Samakhushi,Townplanning, KTM, Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com
Govt. License 586/062/063

**साउदीमा रोजगार** — कम्पनी : GULF DRILLING COMPANY FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/03/१० | LT. No. 326142 | चलानी नं. ६०२४००६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३६,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

| 2 | Waitresses | 0 | 20 | 1200 | ४४,८१० | | | | | | | |

कम्पनी : EVER GOLD BUILDING CLEANING LLC-DUBAI BRANCH
पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326137 | चलानी नं.६०२४००५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 0 | 1000 | ३७,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SERVEU
पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326140 | चलानी नं.६०२४००६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 175 | 25 | 1000 | ३७,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.** — Govt. License 886/067/068
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com

प्रभाव दैनिक




## 'कोसेढुंगा' ४० भन्दा बढी देशमा एकसाथ रिलिज हुने

काठमाडौं – आगामी भदौ १२ गतेदेखि प्रदर्शनका लागि तय भएको चलचित्र 'कोसेढुंगा' नेपालसहित ४० भन्दा धेरै देशमा एकसाथ रिलिज हुने भएको छ । सरोज पौडेलको निर्देशनमा निर्माण भएको चलचित्र कोसेढुंगा नेपालसँगै अमेरिका, अस्ट्रेलिया, जापान, बेलायत, क्यानडालगायत ४० भन्दा धेरै देशमा प्रदर्शन हुने जनाइएको छ । चलचित्रलाई प्याट्रिक सेभेन सिज इन्टरनेसनलले अन्तरराष्ट्रिय बजारमा वितरण गर्दैछ । 'हाम्रो चलचित्र ४० भन्दा धेरै देशमा एकसाथ प्रदर्शन हुँदैछ, थप देशमा प्रदर्शनका लागि वितरकसँग कुरा भइरहेको छ', निर्देशक पौडेलले भने ।




बुधबार, ११ असार, २०८२ (Wednesday, June 25, 2025)

# अरुणले गरे 'तथास्तु' बनाउने घोषणा

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'डोरी'का निर्देशक अरुण लामाले दोस्रो फिल्म 'तथास्तु' निर्माण गर्ने भएका छन् । उनले एक पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरेका हुन् ।

सार्वजनिक गरिएको पोस्टरमा फिल्मको छायांकन अर्को वर्ष अर्थात २०८३को सुरुवातमा हुने छ भने प्रदर्शन भने सन् २०२७मा हुनेछ ।.जी. सेभेन प्रोडक्सन् प्रा.लि'को प्रस्तुति रहने यो फिल्मका निर्देशक लामाले 'तथास्तु' केवल फिल्म नभई कर्म, भाग्य र आन्तरिक रूपान्तरणको कथा भएको बताए। उनका अनुसार फिल्मले आध्यात्मिक यात्रा, अन्तरद्वन्द्व र सामाजिक यथार्थबीचको द्वन्द्व प्रस्तुत गर्नेछ । साथै,'सिमुलेसन थ्योरी' को पृष्ठभूमिमा दुई लोक – भगवानको लोक र मानिसहरूको लोकबीचको कथा समेटिनेछ । निर्देशक लामाले फिल्मको 'तथास्तु' राख्नुको कुरालाई समेत अर्थ्याएका छन् । उनले भने, 'यो शब्दको अर्थ हो, जसरी तपाईंले चाहनुभयो, त्यसैगरी होस् । तर के हामीले चाहेका सबै कुरा साँचिकै ठीक हुन्छन् त? के हामी त्यसको लागि तयार छौं त? जीवनमा प्राप्तिभन्दा बुझाइ महत्वपूर्ण हुन्छ । तपाईंले मागेको कुरा तब मात्र सार्थक हुन्छ, जब तपाईं त्यसलाई ग्रहण गर्न तयार हुनुहुन्छ ।'

निर्देशक लामाले फिल्ममा नयाँ पुस्ताका चर्चित कलाकारहरू,नेपाल र भारतका अप्रत्याशित तर सक्षम अनुहारहरू, स्थापित कलाकार तथा उदाउँदा प्रतिभाहरूलाई स्थान दिने बताए । नेपाली र हिन्दी दुवै भाषामा निर्माण हुने यो फिल्मको छायांकन नेपाल र भारतमा हुनेछन् । फिल्मको सुटिङ पनि दुई चरणमा गरिने निर्देशक लामाले बताए। यसअघि निर्देशक लामाले फिल्म 'डोरी'निर्माण गरेका थिए । जुन फिल्मले गतिलो व्यापार गर्न सकेन। अरुण लामाले आफ्नो डेब्यु फिल्म 'डोरी' प्रजातन्त्र समर्थक आन्दोलनको कारण दर्शकसम्म पुग्न नसकेको बताए । उनले थपे,'हलहरू सुनसान हुँदा फिल्मले अपेक्षित व्यावसायिक सफलता पाउन सकेन। तर जसले हेरे, प्रायः सबैले मन पराए ।'

# फर्स्ट लुक्समा 'नाकछोङ'

**काठमाडौं (प्रस)–** नेपाली फिचर फिल्म 'नाकछोङ' (बिजुवा)को फष्टलुक्स सार्वजनिक गरिएको छ । निर्माण युनिटले फिल्मको एक पोष्टर फष्टलुक्सको रूपमा सार्वजनिक गर्दै प्रचार पनि थालेको हो । ज्योतिराज राई प्रस्तुतकर्ता रहेको फिल्मको फष्टलुक्समा मुख्य कलाकार भुवन सिंह राईलाई प्रस्तुत गरिएको छ । पोस्टरको पृष्टभूमिमा देखिएको काठमाडौं सहर र बिजुवा पनि समेटिएको छ । पोस्टरले गहिरो विषयवस्तु प्रस्तुत गरेको अनुमान गर्न सकिन्छ ।




फिल्ममा भुवन सिंह राई, यासेली योङ्हाङ, शुष्मा सुब्बा गुरुङ, सारा राई, ताया हाङ राई, अनुशा राई, सरोज राई, उत्तम राई, पूर्ण लिम्बु, त्रिचु राई, दिनेश कोइराला, हेम दिलुङ्छा राई, उदय सुब्बा कुरुङ्बाङ, विनोद पोमो , तुलशा लिम्बु , मदन खोदूङ राई ,ससिता राई रसा लिम्बू , मीसन बान्तावा राई र बाल कलाकार जेशन राई लगायतको अभिनय रहेको छ ।

फिल्मको निर्देशन किरण राईले गरेका हुन् । किरणको यो निर्देशनमा तेस्रो फिल्म हो । उनले यसअघि 'लुङा' र 'जिउपंचौ' निर्देशन गरेका थिए । फिल्ममा लेखन समेत किरणकै छ पोपीराज राई निर्माता रहेको फिल्मको छायांकन बाबु श्रेष्ठले गरेका हुन् । राजन मुकारुङ र विष्णु किरातीको शब्द, दिनेशकाजी वान्तवा, अनिल कोई राईको संगीत रहेको फिल्मको गीतमा नोगेन लिम्बु र परेस राईले स्व दिएका छन् । फिल्मको मुख्य सहायक निर्देशक बारत लिम्बु रहेका छन् । कार्यकारी निर्मार्ता रमु श्रेष्ठ रहेको फिल्मको पटकथा सम्पादन निर्देशक किरण र निर्माता ज्योतीराजले मिलेर तयार पारेका हुन् भने पार्स्व संगीत मोनिष निरौला, कलर अनिल राना, ध्वनि संयोजन र मिक्सिङ सागर अर्यालको रहेको फिल्मका निर्माण नियन्त्रक दोय गिरीराज राई र कमल लिम्बु (सार्के) रहेका छन् । निर्माता ज्योतीराजले फिल्मको निर्माण आफ्नो परम्परा जोगाएर पुस्तान्तरण गर्न' रहेको बताए । हरेक चाड, विवाह, कुलपितृ, मर्दापर्दा , रीति भेसभुषामा आवश्यक बिजुवा (नकछोङ )को संरक्षणका लागि फिल्म निर्माण गरिएको हो ।

फिल्मको प्रदर्शन मिति जुर्न बाँकी रहेको छ । फिल्म स्वदेशी तथा विदेशी अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा प्रदर्शनपछि मात्र सार्वजनिक प्रदर्शनमा आउनेछ ।

# 'लालीबजार'मा स्वस्तिमाको 'लुक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'जात्रा' शृङखलामार्फत स्थापित भएको ब्यानर षट्कोण आर्ट्सले निर्माण गर्ने नयाँ फिल्म 'लालीबजार' मा अभिनेत्री स्वस्तिमा खड्काले अभिनय गर्ने भएकी छिन् ।

'जात्रा', 'जात्रै जात्रा', 'महापुरुष' र 'महाजात्रा' निर्माण गरेर दर्शक र प्रदर्शकको विश्वास जितिसकेको उक्त ब्यानरले आज अभिनेत्री खड्का फिचर्ड पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति आगामी फागुन १ गतेलाई तय गरेको छ । पोस्टरमा स्वस्तिमा गर्भवती महिलाको भूमिकामा देखिएकी छन्, तर उनको शृंगार र हाउभाउले फरक कथावस्तु संकेत गर्छ । उनको शारीरिक अवस्था र चाहनाबीचको भिन्नता पोस्टरमा स्पष्ट झल्किन्छ । यम थापाको लेखन तथा निर्देशनमा तयार हुने 'लालीबजार' लाई रवीन्द्रसिंह बानियाँ र म्याक्स दीपेस खत्रीले निर्माण गर्दैछन् भने यसका कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् ।




अभिनेत्री खड्काले फिल्मको कथावस्तु र निर्माण टिमको कारणले आफू नयाँ फरक रूपमा प्रस्तुत हुन् तयार भएको बताइन । उनले भनिन्,'मेरा अघिल्ला फिल्म भन्दा यसमा भिन्न स्वस्तिमा दर्शकले देख्नुहुनेछ । सार्वजनिक गरिएको पोस्टरले पनि धेरै कुरा भनिरहेको छ, म यो पात्रलाई जीवन्त बनाउन निकै उत्साहित छु ।' निर्माता बानियाँका अनुसार षट्कोण आर्ट्सले स्क्रीप्ट खोजीकै क्रममा निर्देशक थापासँग सहकार्यको सुरुआत गरेको हो ।

उनले भने, 'हामी अन्य लेखक तथा निर्देशकसँग सहकार्य गर्न छलफलमा थियौं । राम्रो कथा दर्शकसम्म जानबाट बञ्चित नहोस् भनेर हामीले केही लेखक तथा निर्देशकसँग सहकार्यका लागि छलफल गरेका थियौं । सोही क्रममा निर्देशक थापाले पठाउनु भएको स्क्रीप्टले हामीलाई आकर्षित गर्‍यो । उहाँले स्क्रीप्ट लिएर काम गर्नुस् भन्नुभएको थियो तर हामीले नै निर्देशन गर्न आग्रह गर्‍यौं ।' निर्देशक थापा पनि आफ्नो करिअरलाई 'लालीबजार' ले नयाँ उचाई दिनेमा विश्वस्त छन् । निर्देशनमा केही समय विश्राम लिएका निर्देशक थापाले यसपटकको कार्यशैलीले आफ्नो कामलाई झनै परिपक्क बनाएको बताए ।

उनले भने, 'मेरो एक भेटमा निर्देशक भट्टराईसँग काम गर्ने विषयमा छलफल भएको थियो । सोही क्रममा म षट्कोण आर्ट्समा आइपुगेको हु, यहाँ आएपछि मसँग भएको एउटा आइडिया सेयर गरें । उहाँहरूलाई मन परेपछि हामीले काम अगाडि बढाएका हौं, निर्देशनको जिम्मेवारी पनि मलाई नै दिनुभएको छ । यो मेरा लागि अवसर र चुनौती दुवै हो ।'

उनले फिल्मका अन्य कलाकार र विषयवस्तुका बारेमा क्रमशः जानकारी दिँदै जाने बताए । सार्वजनिक गरिएको पोस्टरमा केशव पाण्डेको फोटोग्राफी रहेको छ भने रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट) ले पोस्टर तयार पारेको हुन् । आगामी दसैं लगत्तै छायांकन गरिने 'लालीबजार' षट्कोण आर्ट्स एकल निर्माता भएर निर्माण गरिरहेको पाँचौं फिल्म हो । यसबाहेक 'टल्कजङग भर्सेस टुल्के', 'डाकिनी', 'सुपर मङक' लगायतका फिल्ममा अन्य ब्यानरसँग सहकार्य गरेको छ ।


हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८२/०३/११)

यस कार्यालयबाट मिति २०८२/२/११ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार विद्युतीय प्रणालीबाट दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ र ४७ को अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| HM/WORKS/ NCB-18/2081/082 | Construction of RCC Frame School Building for Gelha Pra. Bi., Harion-04,Sarlahi | Shobha Group Of Construction Pvt.Ltd Dillibazar, Kathmandu | NPR. 37,62,433.51 With VAT |

प्रमुख प्रशासकीय अधिकृत



Nechasalyan Rural Municipality
Office Of The Rural Municipal Executive
Nechabetghari, Solukhumbu
Koshi province, Nepal

**Letter Of Intent**

Date of Publication: 2082/03/11

This is to notify as per per section 27(2) of Public Procurement Act 2063 to all concerned bidders, successful in bid under PPMO's E-procurement portal, Following bids published on 2082/02/16 that the "Letter of Intent" has been issued in favor of following bidders who are selected on technical and financial bid having substantially responsive lowest evaluated bid price.

| S. N. | Contract ID No | Name Of The Project | Substantially Responsive Lowest Evaluated bidder | Bid Amount With VAT |
|---|---|---|---|---|
| 1 | NCB/WORKS/ NSRM-07-2081/082 | Procurement of Construction of Tourism Infrastructure In Gauritap Nechasalyan R.M. 01, Solukhumbu | Kalika Nirman Sewa | NRs. 76,27,308.8 |

Chief Administrative Officer


## रंगशाला

### एसिसी यु-१६ क्रिकेट:

# नेपालको लगातार दोस्रो जित

## जापानविरुद्ध ९ विकेटले विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालले एसिसी यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित हासिल गरेको छ । मलेसियाको कोजल टुन्कु जाफर ओभलमा मंगलबार भएको खेलमा नेपालले जापानलाई ९ विकेटले पराजित गरेको हो । यसअघि नेपालले पहिलो खेलमा सिंगापुरलाई ६ विकेटले पराजित गरेको थियो । दुई खेलमा विजयी हुँदै नेपालले चार अंक जोडेको छ । नेपाल समूह 'ए' को शीर्ष स्थानमा छ । जापानले पहिलो खेलमा भूटानलाई पराजित गरेको थियो ।

टस जितेर पहिला ब्याटिङ गरेको जापानले ३४ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ८० रन बनायो । एकासी रनको लक्ष्य नेपालले १४ दशमलव २ ओभरमा एक विकेट गुमाउँदै पूरा गर्‍यो । नेपालका लागि शिवान्स बजगाईंले अविजित ३८ र प्रसिद्ध जैसीले अविजित ३३ रन बनाए । बलिङतर्फ जापानका लागि केइसी काबायाशीडोगेटले एक विकेट लिए ।

यसअघि जापानका लागि ब्याटिङ गर्ने क्रममा कप्तान चार्ली हाराहिन्जेले ३६ र गबी हाराहिन्जेले १३ रन बनाए । बलिङतर्फ नेपालका लागि शुभम् खनालले सर्वाधिक पाँच विकेट लिए । त्यसैगरी, अभय यादवले दुई तथा सुशीलबहादुर रावल र कप्तान विपिनप्रसाद शर्माले एक एक विकेट लिए । प्रतियोगितामा नेपालसहित १० टोलीको सहभागीता रहेको छ । समूह 'ए' मा नेपालसहित सिंगापुर, इण्डोनेसिया, भुटान र जापान तथा समूह 'बी' मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्याण्ड र म्यानमार रहेका छन् । नेपाल हालसम्म सम्पन्न तीनवटा संस्करणको च्याम्पियन हो । नेपालले तेस्रो खेलमा यही असार १५ गते इण्डोनेसियासँग तथा चौथो खेल असार १७ गते भुटानसँग खेल्ने छ ।

# इरान–इजरायल युद्धविरामअघिका घटनाक्रम

**जेरुसेलम–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा घोषणा गरिएको युद्धविरामको अन्तिम क्षणहरूमा मिसाइलहरूमार्फत इरान र इजरायलले मंगलबार एकअर्काविरुद्ध आक्रमण गरेका छन् । मध्यपूर्वी सत्रुहरूबीचको १२ दिने युद्ध 'आधिकारिक अन्त्य' हुने अपेक्षा गरिएको बेला पछिल्ला केही घटनाक्रमहरू घटेका हुन् ।



### युद्धविराम

ट्रम्पले सामाजिक सञ्जालमा अप्रत्यासितरूपमा राति पोस्टमा उल्लेख गर्दै युद्धविराम सम्झौताले कट्टर सत्रुहरूलाई चरणबद्धरूपमा गोलीबारी बन्द गर्ने बताएका थिए । ट्रम्पका अनुसार इरानले मंगलबार ०४०० जिएमटीदेखि सुरु हुने सबै अपरेसनहरू एकतर्फीरूपमा रोक्ने र इजरायलले १२ घण्टापछि यसको पालना गर्ने बताइएको थियो ।

'इजरायल र इरानबीच पूर्ण र सम्पूर्ण युद्धविराम हुने कुरामा पूर्ण सहमति भएको छ,' ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका थिए । उनले 'आधिकारिक अन्त्य' इजरायल र इरानले 'आफ्ना चलिरहेका अन्तिम मिसनहरू समाप्त र पूरा गरेपछि' आउने बताएका थिए ।

### कुनै सम्झौता छैन

ट्रम्पको घोषणापछि इरानका विदेशमन्त्री अब्बास अराघचीले पोस्ट गरे, 'अहिलेसम्म युद्धविराम वा सैन्य अपरेसन बन्दको कुनै 'सम्झौता' छैन ।' यद्यपि उनले यदि इजरायलले 'आफ्नो अवैध आक्रमण' रोक्यो भने तेहरानको 'त्यसपछि हाम्रो प्रतिक्रिया जारी राख्ने कुनै इरादा हुने छैन' भने । जुन १३ मा इजरायलले आणविक र सैन्य स्थलहरूलाई लक्षित गरी इरानविरुद्ध आश्चर्यजनक 'पूर्वनियोजित' आक्रमणहरू गरेपछि द्वन्द्व सुरु भएको थियो ।

### नयाँ हमलाहरू

इरानको राज्य मिडियाले मंगलबार युद्धविराम हुने अपेक्षा गरिएको बेला इजरायलतर्फ मिसाइलको पाँचौं लहरअघि बढेको बताएको थियो । इजरायली सेनाले इरानबाट आएको मिसाइलको पछिल्लो राउण्डलाई रोक्ने काम गरिरहेको बताएपछि उत्तरी इजरायलमा हवाई आक्रमणको साइरन बजेको थियो । दक्षिणी बिरसेबामा इरानी क्षेप्यास्त्र आक्रमणमा चार जनाको मृत्यु भएको र दुई जना सामान्य घाइते भएको इजरायली आपत्कालीन सेवाले जनाएको छ ।

इजरायलमा इरानको आक्रमणबाट भएको क्षतिको पूर्ण सीमा सैन्य सेन्सरसिप नियमका कारण थाहा छैन । तर आधिकारिक तथ्यांकअनुसार देशभर कम्तीमा ५० प्रहार स्वीकार गरिएको छ र २४ जनाको मृत्यु भएको छ । इरानमा इजरायली हमलामा ४०० भन्दा बढीको मृत्यु भएको इरानको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

### इरानद्वारा अमेरिकी हवाई अड्डामा हमला

ट्रम्पको युद्धविराम घोषणाभन्दा केही घण्टाअघि इरानले तेहरानका आणविक सुविधाहरूमा अमेरिकी हमलाको बदलामा कतारमा रहेको अमेरिकी बेसमा मिसाइल प्रहार गरेको थियो । कतारले अल उदेद हवाई अड्डामा भएको आक्रमणलाई सफलतापूर्वक रोकेको बताएको छ । कतारले उक्त आक्रमणलाई सार्वभौमसत्ताको 'स्पष्ट उल्लंघन' भनेको छ र प्रतिक्रिया दिने अधिकार सुरक्षित रहेको बताएको छ ।

सप्ताहन्तमा संयुक्त राज्य अमेरिका बम विष्फोट अभियानमा सामेल भएपछि भएको यो आक्रमणलाई ट्रम्पले 'धेरै कमजोर' भन्दै अस्वीकार गरे । उनका अनुसार इरानले आक्रमणको 'पूर्वसूचना' दिएको थियो । उनले इरानलाई यस कदमका लागि धन्यवाद दिँदै हमलाबाट 'कसैले ज्यान नगुमाएको र कोही घाइते नभएको' बताएका थिए ।

### फैलावट

संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेरेसले अल उदेद हवाई अड्डामा इरानले गरेको आक्रमणको निन्दा गर्दै लडाइँ रोक्न आह्वान गरेका थिए । इरानको तटमा रहेको खाडी समुद्री व्यापार मार्गको विश्वव्यापी महत्त्वलाई ध्यानमा राख्दै चीनले सोमबार 'युद्धको फैलावट' विरुद्ध चेतावनी दिँदै अन्तर्राष्ट्रिय समुदायलाई लडाइँले विश्व अर्थतन्त्रलाई असर गर्नबाट रोक्न अझ बढी गर्न आग्रह गरेको थियो ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानलाई स्ट्रेट अफ होर्मुज बन्द गर्नबाट रोक्न सहयोग गर्न चीनलाई आह्वान गरेका थिए । व्यापारीहरूले इरानद्वारा सम्भावित प्रतिशोधको परिमाण मापन गरेपछि सोमबार तेलको मूल्य केही समयका लागि घटेको थियो । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले तेहरानका विदेशमन्त्री अब्बास अराघचीसँगको मस्को बैठकमा इरानमाथि भएको आक्रमणलाई 'अकारण' र 'अनुचित' भन्दै निन्दा गरेका छन् । *रासस/एएफपी*

## इजरायल र इरानद्वारा युद्धविराम स्वीकार

**बिरसेबा (इजरायल)–** तेहरानले कतारमा रहेको अमेरिकी सैन्य बेसमा सीमित बदलामूलक मिसाइल आक्रमण गरेपछि इजरायल र इरानले मंगलबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित युद्धविराम योजना स्वीकार गरेका छन् । युद्धविरामले मध्यपूर्वमा उथलपुथल मच्चाएको १२ दिने युद्धको अन्त्य गर्ने अपेक्षा गरिएको छ ।

दुवै पक्षले सम्झौता स्वीकार गर्नुअघि तेहरानले इजरायललाई लक्षित गरी अन्तिम मिसाइल आक्रमण गरेपछि मंगलबार बिहान कम्तीमा चार जनाको मृत्यु भएको थियो भने इजरायलले बिहान हुनुअघि इरानभरका ठाउँहरूलाई लक्षित गरेर हवाई आक्रमण गरेको थियो ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले ट्रम्पसँगको समन्वयमा इरानसँग द्विपक्षीय युद्धविराम गर्न इजरायल सहमत भएको बताएका छन् । नेतान्याहुले सोमबार राति इजरायलको सुरक्षा क्याबिनेटलाई इरानको आणविक र ब्यालिस्टिक मिसाइल कार्यक्रमको खतरा हटाउनलगायत इरानविरुद्धको १२ दिने अपरेसनमा इजरायलले आफ्ना सबै युद्ध लक्ष्यहरू हासिल गरेको जानकारी दिएको बताएका थिए । इजरायलले इरानको सैन्य नेतृत्व र धेरै सरकारी साइटहरूलाई पनि क्षति पुऱ्याएको र तेहरानको आकाशमा नियन्त्रण हासिल गरेको उनले बताएका थिए । 'इजरायलले युद्धविरामको कुनै पनि उल्लंघनको कडा जवाफ दिने छ,' उनले भने ।

इरानी सहरहरूमा भारी इजरायली हमलाहरू बिहान ४ बजे (स्थानीय समय) को केही समय अघिसम्म जारी रहेको थियो । त्यसपछि इरानी आक्रमणले इजरायलीहरूलाई सूर्योदय हुँदा बम आश्रयमा हतारमा पठायो । इरानी आक्रमणमा कम्तीमा चार जनाको मृत्यु र आठ जना घाइते भएको इजरायलको मागेन डेभिड आदोम (एमडिए) उद्धार सेवाले बताएको छ ।

इरानले आफ्ना आक्रमणहरू रोक्नका लागि समयसीमा पार गरेको एक घण्टाभन्दा बढी समयपछि ट्रम्पले ट्रुथ सोसलमा लेखेका थिए, 'युद्धविराम अब प्रभावमा छ । कृपया यसलाई उल्लंघन नगर्नुहोस् !'

इरानी राज्य टेलिभिजनले युद्धविराम ७:३० बजे (स्थानीय समय) मा लागू भएको तर इरानी अधिकारीहरूले ट्रम्पको घोषणापछि कुनै टिप्पणी नगरेको बताएको छ । केही घन्टाअघि इरानका शीर्ष कूटनीतिज्ञले देश हवाई आक्रमण रोक्न तयार रहेको बताएका थिए ।

'अहिलेसम्म कुनै पनि युद्धविराम वा सैन्य कारबाहीको अन्त्यमा कुनै 'सम्झौता' भएको छैन,' इरानी विदेशमन्त्री अब्बास अराघचीले एक्समा एक पोस्टमा लेखेका छन्, 'यद्यपि इजरायली शासनले इरानी जनताविरुद्धको आफ्नो अवैध आक्रमण तेहरान समय बिहान ४ बजेभन्दा पछि रोक्छ भने, हामीसँग पछि हाम्रो प्रतिक्रिया जारी राख्ने कुनै मनसाय छैन । हाम्रो सैन्य कारबाही बन्द गर्ने अन्तिम निर्णय पछि गरिने छ ।' *रासस/एपी*

# इजरायलले युद्धविराम प्रस्तावमा सहमति जनाएपछि तेलको मूल्यमा गिरावट

**टोकियो–** इजरायलले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको इरानसँग द्विपक्षीय युद्धविरामको प्रस्तावमा सहमति जनाएको बताएपछि मंगलबार तेलको मूल्य पाँच प्रतिशतभन्दा बढीले घटेको छ । इजरायल र यसको कट्टर सत्रु इरानबीच १२ दिने युद्धपछि ऊर्जा बजारको झट्काको डर कम भएको छ ।



मंगलबार बिहान करिब ०६५० जिएमटीमा ब्रेन्ट ५.२ प्रतिशतले घटेर प्रतिब्यारेल ६७.७५ डलरमा झरेको थियो भने मुख्य अमेरिकी कच्चा तेल सम्झौता डब्लुटिआई प्रतिब्यारेल ५.४ प्रतिशतले घटेर ६५.०१ डलर भएको थियो ।

'द्वन्द्वको सम्भावित अन्त्यलाई बजार सहभागीहरूले स्वागत गरेका छन्,' एमयुएफजीका ली हार्डम्यानले लेखेका छन् । उनले ब्रेन्टले 'द्वन्द्व सुरु भएदेखि नै सबै लाभहरू लगभग पूर्णरूपमा उल्टाएको' बताएका थिए । 'अमेरिकी डलरले हालैको लाभ फिर्ता दिएर एफएक्स बजारमा पनि यस्तै परिवर्तन भइरहेको छ । यदि मध्यपूर्वको जोखिम अब बजार चालकका रूपमा पृष्ठभूमिमा मिसिएको छ भने अमेरिकी डलरको कमजोर प्रवृत्ति फेरि सुरु हुने सम्भावना बढी छ,' उनले भने ।

इरानले रणनीतिक स्ट्रेट अफ होर्मुजहुँदै तेल ढुवानीलाई रोकेर आफ्नो आणविक सुविधाहरूमा सप्ताहन्तमा अमेरिकी आक्रमणको बदला लिनसक्ने सम्भावनामा सोमबार बिहान कच्चा तेलको मूल्यमा केही समयका लागि वृद्धि भएको थियो । तर इरानले कतारको प्रमुख अमेरिकी अड्डामा क्षेप्यास्त्र प्रहार गरेको र तेलक्षेत्रको सम्पत्ति अप्रभावित रहेको बताएपछि तिनीहरू सात प्रतिशतसम्म तल झरेको थियो ।

### युद्ध प्रिमियम

'तेहरानले राम्रो खेल्यो । तिनीहरूको 'प्रतिशोध'ले कतारको अमेरिकी आधारमा प्रहार गऱ्यो- हेडलाइनहरूका लागि पर्याप्त चर्को, तेल बजारको जग हल्लाउन नसक्ने शान्त,' एसपिआई एसेट म्यानेजमेन्टका स्टिफन इन्सले भने, 'र एकचोटि यो स्पष्ट भएपछि युद्धको प्रिमियम कच्चा तेलबाट बाहिर निस्कियो ।'

इजरायली सरकारले मंगलबार एक विज्ञप्तिमा इरानसँगको युद्धमा देशले 'सबै उद्देश्य हासिल गरेको' र यसले 'तत्काल दोहोरो अस्तित्वको खतरा: आणविक र ब्यालिस्टिक' हटाएको बताएको छ । *रासस/एएफपी*

# सिंगापुरका प्रधानमन्त्रीलाई 'आधिपत्य' विरुद्ध लड्न चिनियाँ राष्ट्रपति सीको आग्रह

**बेइजिङ–** चिनियाँ राष्ट्रपति सी चिनफिङले मंगलबार बेइजिङमा भएको भेटमा सिंगापुरका प्रधानमन्त्रीलाई व्यापारमा 'आधिपत्य' र संरक्षणवादविरुद्धको लडाइँमा सामेल हुन आह्वान गरेका छन् । प्रधानमन्त्री लरेन्स वोङको चीनको पहिलो आधिकारिक भ्रमण बिहीबारसम्म हुने छ ।



उनले मंगलबार बिहान बेइजिङको भव्य ग्रेट हल अफ द पिपलमा सीसँग भेट गरे । राज्य प्रसारक सिसिटिभीका अनुसार भेटमा सीले चीन र सिंगापुरलाई 'इतिहासको सही पक्षमा र निष्पक्षता र न्यायको पक्षमा उभिन' काम गर्न आग्रह गरे ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस वर्ष चीन र सिंगापुरलगायत देशहरूमा करको अवरोध सुरु गरेपछि संयुक्त राज्य अमेरिकामाथि परोक्ष रूपमा प्रहार गर्दै सीले भने, 'विश्व आधिपत्यमा फर्किन सक्दैन वा जंगलको कानुनमा फिर्ता तानिन सक्दैन ।'

बदलामा वोङले सीलाई 'विश्वव्यापी अशान्ति र अनिश्चितता'को समयमा सिंगापुर-चीन सम्बन्ध 'पहिलेभन्दा बढी महत्त्वपूर्ण' भएको विश्वास गरेको बताएका थिए । 'हामी घनिष्ठ सम्बन्ध स्थापना गर्न सँगै काम गर्न सक्छौं र... सबै देशको फाइदाका लागि बहुपक्षवाद र नियम-आधारित विश्वव्यापी व्यवस्थालाई बलियो बनाउन जारी राख्न सक्छौं,' वोङले भने ।

सन् २०२४ मा संस्थापक प्रधानमन्त्री ली कुआन यूका छोरा ली सिएन लुङको उत्तराधिकारी बनेका वोङले व्यापारमा निर्भर सहर-राज्यलाई ट्रम्पको करबाट नराम्रो असर पर्नसक्ने चेतावनी दिएका छन् । यद्यपि ट्रम्पले सिंगापुरमा आधारभूत १० प्रतिशत शुल्क लगाए पनि देश अन्तर्राष्ट्रिय व्यापारमा भारी निर्भरताका कारण दर्जनौं अन्य देशमा लगाइएको धेरै उच्च करले गर्दा हुने विश्वव्यापी आर्थिक मन्दीको जोखिममा छ ।

बेइजिङमा आफ्नो बैठकपछि वोङ विश्व आर्थिक मञ्चको बैठकमा भाग लिन उत्तरी चिनियाँ सहर तियान्जिन जाने छन् । *रासस/एएफपी*


**कतारमा रोजगार** — कम्पनी : EUROPEAN GUARDING AND SECURITY SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 321105 | चलानी नं. ६०२३५१९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 8 | 2 | 1500 | ५६,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1078/073/74
SKY STAR RECRUITMENT PVT LTD
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com

**साउदीमा रोजगार** — कम्पनी : Saud Hamad Bin Manea & Sons Contracting & Transportation Of Petroleum Products Co Ltd

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 317978 | चलानी नं. ६०२३२२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६५,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम इजाजत नं. ९७१/०६७/०६८

**कतारमा रोजगार** — कम्पनी : ASC SPORTS CENTER

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326080 | चलानी नं. ६०२४००२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SWIMMING POOL COACH | 1 | 1 | 2200 | ८३,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४
Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

**युएइमा रोजगार** — कम्पनी : NATIONAL CATERING COMPANY LIMITED-WLL

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326063 | चलानी नं. ६०२४००३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 75 | 0 | 800 | २९,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 10 | 0 | 1000 | ३७,३४५ | | | | | | | |
| 3 | Messenger Boy | 5 | 0 | 1200 | ४४,८१० | | | | | | | |
| 4 | Waiter(Male) | 10 | 0 | 1200 | ४४,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com

**कतारमा रोजगार** — कम्पनी : IPAS QATRA Trading & Contracting W.L L

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | LT. No. 326134 | चलानी नं. ६०२४००५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician GCC | 1 | 0 | 1500 | ५६,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1500 | ५६,९२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १८ गते (2nd Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६५/०८०/८१
ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोन: ०१–४२७६५३०, फ्याक्स:०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १९३५०० | प्रति तोला – ० | प्रति तोला – २१६० |

# बजेट सन्तुलित बनाइएको प्रधानमन्त्री ओलीको दाबी



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले ल्याएको बजेट सकेसम्म सन्तुलित रूपमा ल्याइएको अवगत गराउँदै आगामी दिनमा माग र आपूर्तिबीचको सन्तुलत कायमका लागि थप प्रयास गरिने बताएका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विनियोजन विधेयक तथा खर्च कटौतीको प्रस्तावको सम्बन्धमा राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका विभिन्न निकायसँग सम्बन्धित छलफलमा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले राज्यको पर्याप्त क्षमता नहुँदा बजेटमाथि सबै सांसदहरू सन्तुष्ट हुने स्थिति नआएकाले आगामी दिनमा सन्तुलन कायमको प्रयास गरिने बताएका छन् ।

'हामीलाई छिटो र धेरै ठाउँमा विकास चाहिएको छ तर बजेट कम छ । त्यसकारण बजेटमा सबै सांसद सन्तुष्ट हुन नसक्ने स्थिति हुन सक्छ । माग र आपूर्तिको असन्तुलन मिलाउन आगामी दिनमा ध्यान दिइनेछ,' प्रधानमन्त्री ओलीले भने, 'हामीलाई लगानीको आवश्यकता छ, यसका लागि निजी क्षेत्र र वैदेशिक लगानी ल्याउनु परेको छ । लगानीको आवश्यकता, विश्लेषण र योजनाका लागि लगानी बोर्डबाट प्रभावकारी काम गरिनेछ ।'

प्रधानमन्त्री ओलीले संसद् जनताको बलिदान, सङ्घर्ष र सपनालाई साकार पार्ने थलो भएकाले सदनमा लोकतन्त्र र राष्ट्रियतालाई कमजोर बनाउने खालका हल्काफुल्का टिप्पणी नगर्न आग्रह गरे । उनले विद्यमान व्यवस्थालाई अझ प्रभावकारी बनाउने गरी संविधानको संशोधनमा सरकार लाग्ने भएकाले संविधान र प्रणालीको अपमान हुने खालका कुरा नगर्न आग्रह गरे ।

'यो प्रणाली र संविधानको रक्षा गरौँ । यसको कार्यान्वयन गर्दै मुलुकलाई समृद्ध, नेपाल सुखी नेपालीको गन्तव्य पूरा गर्ने सवालमा सरकार अघि बढेको छ । यसमा सबै ढुक्क भए हुन्छ', प्रधानमन्त्री ओलीले भने, 'म ममाथि गरिएको गाली र अपमान सहन्छु तर सहिद, जनताको बदिदान र विद्यमान व्यवस्थाप्रतिको अपमान सहन्न । संसद् जनताको बलिदानको धज्जी उडाउने र प्रणालीको अपमान गर्ने थलो हुन सक्दैन ।'

प्रधानमन्त्री ओलीले राष्ट्रिय योजना आयोगका योजना बैंकको व्यवस्था गरी रु तीन करोडभन्दा कमका आयोजना नराखिएको नीति तर्जुमा गरिएको जनाउँदै आगामी वर्षमा यसको प्रभावकारी कार्यान्वयनका लागि जोड दिइने बताए ।

राज्यका सबै निकायलाई विकास निर्माण र सुशासनका लागि प्रभावकारी रूपमा काम गरेर जनअपेक्षाअनुरूप सम्मुनतिको मार्गमा अघि बढाउन सरकार प्रयासरत रहेको स्पष्ट गर्दै सरकारलाई कसैका विरुद्ध कुनै खेल खेल्ने फुर्सद नभएकाले खेल खेल्यो भन्ने खालका प्रचार नगर्न आग्रह गरे ।

# नेपालमा लगानी प्रवर्द्धनका लागि सहयोग गर्न आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाललाई लगानी गन्तव्यका रूपमा प्रवर्द्धनका लागि सहयोग गर्न आग्रह गरेका छन् ।

अध्यक्ष ढकाल र दक्षिण अफ्रिकाको भारतका लागि उच्चायुक्त तथा नेपालका लागि राजदूत प्रो अनिल सुकलालसँग मंगलबार भएको भेटवार्ताका क्रममा उनले नेपाल विशेष गरी पर्यटन पूर्वाधार विकासका क्षेत्रमा दक्षिण अफ्रिकी लगानीकर्ताका लागि उत्कृष्ट सम्भावना रहेको उल्लेख गर्दै त्यहाँका व्यवसायीलाई नेपालमा लगानी प्रवर्द्धन गर्न सहयोग गरिदिन आग्रह गरे ।

उनले नेपाल र दक्षिण अफ्रिकाबीचको व्यापार अहिले सीमित भए पनि दुवै मुलुकबीचको व्यापारिक सम्बन्धलाई विस्तार गर्ने स्पष्ट सम्भावना रहेको तथा नेपालमा कृषि प्रशोधन, जलविद्युत्, पूर्वाधार र सूचना प्रविधि लगायतका क्षेत्रमा आकर्षक लगानी अवसर रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले पर्यटनलाई नेपालको सबैभन्दा प्राकृतिक रूपमा सम्पन्न क्षेत्रका रूपमा रहेको बताए ।

उनले भने, 'नेपालको भौगोलिक विशेषता यस्तो छ जहाँ एक घण्टाभित्रमै तल्लो तराईबाट उचाइयुक्त रमणीय पहाडी स्थलमा पुग्न सकिन्छ, यसैले नेपाल रिसोर्ट, वेलनेस सेन्टर, एड्भेन्चर तथा इको-टुरिजमजस्ता पूर्वाधारमा लगानीका लागि निकै उपयुक्त गन्तव्य हो ।'

साथै उनले महासंघले व्यापारिक प्रतिनिधिमण्डलको स्वागत, बजार जानकारीको आदान-प्रदान तथा आवश्यक सहजीकरण गर्न सधैँ तत्पर रहेको प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष ढकालले महासंघको सक्रियतामा नेपाल सरकारले हालै लगानीसँग सम्बन्धित विभिन्न ३० वटा कानुन संशोधन गरेको जानकारी दिँदै ती सुधारले वैदेशिक लगानी प्रक्रिया सरल बनाउनुका साथै नाफा फिर्ता लैजान सजिलो बनाएको जानकारी दिए ।

महासंघकै पहलमा द्विपक्षीय लगानी सम्झौताको खाका सरकारले स्वीकृत गरेको उल्लेख गर्दै उनले यसले विदेशी लगानीकर्तालाई अझ विश्वासिलो वातावरण प्रदान गर्ने विश्वास व्यक्त गरे ।

उक्त अवसरमा राजदूत प्रो अनिल सुकलालले दक्षिण अफ्रिका र नेपालबीचको व्यापार तथा लगानी सम्बन्धलाई अझ प्रगाढ बनाउनेतर्फ आफू प्रतिबद्ध रहेको बताए । उनले विशेष गरेर पर्यटन क्षेत्रमा दुवै देशबीच सहयोगको ठूलो सम्भावना रहेको उल्लेख गरे ।

उनले भने, 'पर्यटन यस्तो क्षेत्र हो, जहाँ दक्षिण अफ्रिका र नेपालले सहकार्य गरेर उल्लेखनीय काम गर्न सक्छौँ, दक्षिण अफ्रिकाको वन्यजन्तु पर्यटनजस्तै नेपालको भू-परिवेश, जैविक विविधता र सांस्कृतिक सम्पदा पनि विशिष्ट छन्, हामीले हातेमालो गरेर दुवै देशको पर्यटन प्रवर्द्धन गर्नुपर्छ ।'

हाल नेपालले दक्षिण अफ्रिकाबाट अन्न, फलफूल, पेय पदार्थ र मेसिनरी आयात गर्दै आएको छ भने नेपालबाट निर्यात हुने वस्तुमा कार्पेट, तयारी कपडा र फलामजन्य सामग्री पर्दछन् । यो भेटवार्ताले नेपाल-दक्षिण अफ्रिका सम्बन्धलाई थप प्रभावकारी र परिणाममुखी बनाउन सहयोग गर्ने विश्वास दुवै पक्षले व्यक्त गरेका छन् ।

# 'घरेलु श्रमिकलाई न्यूनतम ज्याला दिन कानुन बनाउँछौं'

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)** – नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले कानुन बनाएर श्रमिकको न्यूनतम ज्यालामा घरेलु श्रमिकलाई पनि ल्याउन पहल गर्ने बताएका छन् ।

युवालय संस्थाको आयोजनामा आज ललितपुरमा आयोजित 'घरेलु श्रम र अनौपचारिक स्याहार कार्य' विषयक राष्ट्रिय नीति संवादलाई सम्बोधन गर्नुहुँदै पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले प्रतिपक्षी दलको हैसियतले श्रमिकको मुद्दालाई संसद्मा उठाउने नैतिक जिम्मेवारी बहन गर्ने बताए ।

'संविधानको मर्म र भावनाअनुसार कानुन बनाउने काम समयमै नहुँदा श्रमिकको मुद्दा सही ढंगले अगाडि बढेको छैन, श्रमिकको न्यूनतम ज्यालामा घरेलु श्रमिकलाई पनि ल्याउन पहल गर्नेछौँ', उनले भने ।

दाहालले श्रमिकको जीवनमा सकारात्मक परिवर्तनको अनुभूति गराउन नसकेसम्म परिवर्तनको औचित्य र दिगोपना कायम गराउन नसकिने धारणा राखे । 'श्रमिककै कारणले म तीन पटकसम्म प्रधानमन्त्री हुन सफल भएँ, यो मुद्दालाई जोड दिएर राष्ट्रिय रूपमा पहल गर्न प्रयत्न गर्नुभएकामा धन्यवाद भन्न चाहन्छु, घरेलु श्रमिकलाई पनि वैधानिक व्यवस्थामार्फत कानुन निर्माण गरेर सम्मानित जीवन बिताउने वातावरण तयार गर्न निरन्तर लाग्ने प्रतिबद्धता जनाउन चाहन्छु,' उनले भने ।

सांसद् रमा कोइरालाले आफूले ट्रेड युनियनबाट प्रतिनिधित्व गर्दै श्रमिकको हितमा निरन्तर आवाज उठाइरहेको बताइन् । उनले देशमा प्रशस्तै रोजगारी सृजना गर्न सकिन्छ उल्लेख गर्दै सरकारले नेपालमा भएको श्रमबजार र रोजगारीलाई चिन्न नसकेको बताइन् ।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले घरेलु श्रमिकका हितमा कानुन बनाएर प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको बताए ।

सन् २०१३ मा स्थापित युवाको नेतृत्वमा सञ्चालित संस्था युवालयले युवाको क्षमता अभिवृद्धि, अधिकार संरक्षण, तथा सामाजिक रूपान्तरणका क्षेत्रमा क्रियाशील रही उल्लेखनीय योगदान दिँदै आएको छ । पछिल्लो समय आफूहरूले घरेलु तथा हेरचाहसम्बन्धी श्रमलाई सामाजिक मान्यता दिने र यसलाई सम्मानजनक र मर्यादित पेसाका रूपमा विकास गर्न स्थानीय तह, प्रदेश र सङ्घीयस्तरमा वकालत तथा अभियानमार्फत पैरवी गरिरहेको संस्थाका अध्यक्ष धर्मराज रिमालले जानकारी गराए ।

# सिटिजन्स बैंकद्वारा ट्रस्टलाई सहयोग



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत लामो समय देखी निरन्तर रूपामा सेवा भावले संचालनमा रहेको अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेबल ट्रस्टलाई सहयोग गरेको छ ।

ट्रस्टमा अशक्त तथा पीडित व्यक्तिहरूलाई स्वास्थ्य, शिक्षा तथा आधारभूत सेवाहरू प्रदान गरिरहेको छ । यात्रीलाई निःशुल्क भोजन सेवा गराउने, धार्मिक सम्पदाहरूको संरक्षण, मर्मत तथा व्यवस्थापनमा सक्रिय योगदान, नारीशक्ति सशक्तीकरणका लागि शिक्षाको व्यवस्था सहित कन्या गुरुकुल सञ्चालन, गाई संरक्षण, पालनपोषण तथा व्यवस्थापनमार्फत धार्मिक एवं जैविक परम्पराको संरक्षण र यात्रुहरूको लागि विश्राम तथा आवासको व्यवस्था सहित सुविधा सम्पन्न धर्मशाला संचालन गरिरहेको ट्रस्टलाई बैंकले सहयोग उपलब्ध गराएको छ ।

संस्थामा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोग हस्तान्तरण गरेका हुन् । समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले सेवा भावमा समर्पित ट्रस्टलाई सानै भएपनि सहयोग गर्न पाउँदा आफूलाई धेरै खुशी महशुस भएको कुरा व्यक्त गरे । संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको बैंकले आगामी दिनमा पनि यस्ता कार्यक्रम गर्ने योजना रहेको जनाएको छ ।

हालसालै मात्र विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द ईयर २०२४' को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' (भर्चुअल क्रेडिट काड) सञ्चालनमा ल्याएको छ साथै मोबाइल बैंकिङ एप मार्फत नै शेयर आवेदन र सिआरएन नम्बर सेवा लिन सकिने सुबिधा लगायत क्रस बैंक टेलर सुविधा जसमा अन्य बैंकका ग्राहकले सिटिजन्स बैंकको शाखाबाट टेलर क्यू आर स्क्यान गरी नगद प्राप्त गर्न सकिने समेत ल्याएको छ ।

सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा

हार्दिक अनुरोध !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा

प्रभाव पब्लिकेसन प्रा.लि.

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ